धर्मकीर्ति
The Dharmakirti
वर्ष - २७, अङ्क - ८



धम्मदिन्ना (चमेली) गुरुमां पच

# शुभ-कामना !



धर्मकीर्ति संरक्षण कोषका उपाध्यक्ष ७० वर्षिय भिक्षुणी धम्मदिन्ना
(चमेली गुरुमां) को प्रव्रज्या जीवन ५० वर्ष पुगेको स्वर्ण दिवसको
उपलक्ष्यमा उहाँले बुद्ध शासनिक क्षेत्रमा
पुऱ्याउँदै आउनुभएको अमूल्य योगदानलाई स्मरण गर्दै उहाँको सुस्वास्थ्य
एवं
आध्यात्मिक क्षेत्रमा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

शुभ-कामना व्यक्त गर्नुहुने गुरुमांहरू-

| | | | | |
|---|---|---|---|---|
| अनुपमा | खेमावती | मेत्तावती | वीर्यवती | वण्णवती |
| पञ्ञावती | दानवती | कुसुम | शुभवती | सुवण्णवती |
| संघवती | त्यागवती | इन्दावती | रमावती | ओभासवती |
| केशावती | पूण्यवती | जयवती | अमता | मणिवती |

Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
ध्रुवरत्न स्थापित

सम्पादक
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

प्रधान सम्पादक
भिक्षु अश्वघोष महास्थविर
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

कार्यालय
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५३
नेपाल सम्वत् ११३०
इस्वी सम्वत् २००९
विक्रम सम्वत् २०६६

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**धम्मादिन्ना (चमेली) गुरुमां पचासौं प्रव्रजित दिवस अङ्क**

**2nd DECEMBER 2009**

| वर्ष- २७ | अङ्क- ८ | योमरी पुन्हि | मंसीर २०६६ |
|---|---|---|---|




अब तिम्रो आयु समाप्त भयो, यमराजका अगाडि पुगि सक्यौ, ती बाटोमा तिम्रो निवास छैन बाटो खर्च पनि छैन ।

त्यसकारण तिमीले द्वीप बनाउ, चाँडै कोशिस गरी पण्डित वन, मल रहित काम रहित होऊ । अनि तिमी फेरि जन्म मरणको चक्करमा पर्ने छैनौ ।

दोषारोपण गर्ने विचारले सधैं अर्काको दोष देखि रहने व्यक्तिको चित्त मल वढ्छ । चित्तमलको क्षय हुने मार्गबाट बञ्चित हुन्छ ।

■ सम्पादकीय ■

# भिक्षुणी धम्मदिन्ना (चमेली गुरुमां) को ५० औं स्वर्णिम प्रव्रजित जीवन र बुद्धको शिक्षात्मक उपदेशहरू

बुद्ध शिक्षानुसार संसारमा रहेका ५ वटा दुर्लभहरू मध्ये "प्रव्रजित भाव दुर्लभ" पनि एउटा पर्न आउँछ । दुर्लभ प्रव्रजित जीवन पाउनु भएकी भिक्षुणी धम्मदिन्नाले यस अमूल्य जीवनलाई ५० वर्ष सम्म निरन्तरता दिन पाउनु भएकोले यसलाई अझ अमूल्यको रूपमा लिन सकिन्छ । अमूल्य प्रव्रजित दुर्लभ भावलाई अझ सार्थक बनाउनका लागि भगवान बुद्धले विभिन्न शिक्षात्मक उपदेशहरू दिनुभएको छ । जसलाई मनन सर्न सकेको खण्डमा हामीले आफ्नो जीवनलाई सुनमाथि सुगन्ध बनाउन सक्नेछौं । ती शिक्षाहरू यसरी रहेका छन्–

**अप्पम्पि चे सहितं भासमानो,**
**धम्मस्स होति अनुधम्मचारी**
**रागञ्च दोसञ्च पहाय मोहं,**
**सम्मप्पजानो सुविमुत्तचित्तो**
**अनुपादियानो इध वा हुरं वा,**
**सभागवा समञ्ञस्स होति**

अर्थात्-

अलिकता मात्र धर्मको कुरा गर्न सक्ने भएतापनि धर्मानुसार आचरण गर्ने, रागद्वेष र मोहलाई हटाई, राम्ररी धर्मावबोध भएर आफ्नो चित्तलाई क्लेशबाट हटाई इहलोक र परलोकको चिन्ता नगर्ने व्यक्तिलाई श्रमणत्त्व फल प्राप्त हुनसक्छ ।

**हत्थ सञ्ञतो पाद सञ्ञतो वाचाय सञ्ञतो सञ्ञतुत्तमो अञ्झरतो समाहितो एको सन्तुसितो तमा, हु भिक्खु**

अर्थात्-

जसले हात पाऊ र बोली वचनमा संयम गरेको छ, जसको चित्त अध्यात्ममा राम्ररी लागेको छ, जो समाधि युक्त तथा सन्तुष्ट भई एकान्तमा बस्छ, उसलाई नै भिक्षु भनिन्छ ।

**सलाभं ना'ति मञ्ञेय्य - नाञ्ञेसं पिहयं चरे**
**अञ्ञेसं पिहयं भिक्खु - समाधिं ना'धि गच्छति**

अर्थात्–

आफूलाई प्राप्त हुने लाभलाई तुच्छ न सम्झनु, अर्कालाई प्राप्त हुने लाभमा ईर्ष्या नगर्नु, अर्काको लाभमा इर्ष्या गर्ने भिक्षुलाई समाधि प्राप्त हुन सक्दैन ।,

माथि उल्लेखित बुद्ध वचनहरूले हामीलाई धर्मानुकुल जीवन विताई सांसारिक बन्धनबाट मुक्त हुने सल्लाह दिईरहेको छ । जसले धर्मानुसार आचरण गरी आफूभित्र लुकेर बसेका कमी कमजोडी र खराव आचरण हटाउन सक्छ, उसले मात्र श्रमणत्त्व फल प्राप्त गर्न सक्नेछ । बुद्ध शिक्षाले कुरालाई होइन कर्त्तव्य र असल कामलाई मान्यता दिन्छ ।

भगवान बुद्धले दिनुभएका यी प्रेरणात्मक शिक्षालाई हामीले मनन गर्न सकेको खण्डमा मात्र हामीले आफ्नो भलो र उपकार गरी भाग्यमानी बन्न सक्नेछौं ।

यसरी भाग्यमानी बन्ने मौका भिक्षुणी धम्मदिन्ना लगायत हामी सबैले प्राप्त गर्न सकौं भनी धर्मकीर्तिले सधैं शुभकामना व्यक्त गर्दछ ।





Downloaded from http://www.dhamma.digital

# प्राचीन ब्राह्मण धर्म


सत्यनारायण गोयन्का

भगवान श्रावस्तीमा विहार गरिरहनु भएको थियो। त्यस समयमा कोशलका धेरै युवक, बूढो तथा धनी धनी ब्राह्मणहरू भगवानको धर्म सुन्न आए। ती मध्ये एकजनाले प्रश्न सोधे कि आजकल पनि पुरातन ब्राह्मण धर्म अनुसार जीवन जिउने कोही ब्राह्मण छ ?

भगवानले उत्तर दिनुभयो– आजकल त्यस्तो ब्राह्मण छैन। ती ब्राह्मणहरूले पुरातन ब्राह्मण चर्याको विषयमा भगवानबाट सुन्न चाहे। भगवानले उनीहरूलाई त्यस विषयमा सविस्तार वर्णन गर्नु भयो।

पुराना ब्राह्मण ऋषी आत्मसंयमित र तपस्वी हुन्थे। उनीहरूले पाँच प्रकारका इन्द्रिय सुखलाई त्यागेर आफ्नो कल्याण हुने काम गर्दथ्यो। ती ब्राह्मणहरूसंग धन-धान्य, पशु तथा सुनचाँदी केही हुँदैनथ्यो। स्व अध्ययन अर्थात आफू भित्र जान्नु नै उनीहरूको धन थियो र यस धर्मलाई पालन गरेर यसको सुरक्षा गर्दथ्यो।

गृहस्थीहरू श्रद्धा पूर्वक उनीहरूका लागि खाना पकाएर ढोकामा राख्थे। कोही ब्राह्मणले माग्न आयो भने योग्य सम्झेर दान दिन्थे। समृद्ध जनपद तथा राष्ट्रको मानिसहरूले विभिन्न प्रकारका रंगीन वस्त्र, विछ्यौना र निवास स्थान बनाएर दान गर्दथे। ब्राह्मणलाई कुनै नियम थिएन, तिनीहरूले धर्मको रक्षा गर्थ्यो भने धर्मले तिनीहरूको रक्षा गर्दथ्यो। सबै गृहस्थका घरमा उनीहरूको प्रवेशका लागि ढोका खुल्ला थियो। प्राचीन समयका ब्राह्मणहरू अठ्चालीस (४८) बर्ष सम्म बाल-ब्रह्मचारी रहन्थ्यो र विद्या र आचरणलाई राम्ररी पालना गर्दथ्यो।

गृहस्थ ब्राह्मणहरू आफ्नो जीवनको लागि अन्य स्त्री समक्ष जान्दैनथे परस्पर प्रेम भएका स्त्री संग आफ्नो जीवन बिताउँथे। यिनीहरू ब्रह्मचर्य, शील, सरलता, नम्रता, तप, सौजन्य, अहिंसा तथा क्षमा आदि मनपराउँथे ती मध्ये ब्रह्मा कहलिएका ब्राह्मण गृहस्थ जीवनमा प्रवेश नै गर्दैनथे तिनीहरू आजीवन अखण्ड ब्रह्मचर्यको पालना गर्दथे। यिनीहरूको आचरण अनुसरण गर्ने अन्य विज्ञ व्यक्तिहरू ब्रह्मचर्य, शील र क्षमाको प्रशंसक हुन्थे र धार्मिक रीति पूर्वक चामल, घ्यू, तेल मागेर ल्याउँथे र यज्ञ गर्दथे। भगवानले यो पनि बताउनु भयो कि यज्ञमा गाईको बलि दिंइदैनथे। भगवानले गाईको गुण बारे वर्णन गर्नुभयो। आमा, बुबा, दाजु, भाइ तथा अन्य साथी भाई झैं गाई पनि हाम्रो परम मित्र हो। गाईलाई जोतिन्छ त्यसको गोबरमा वनस्पति तथा औषधि उब्जीन्छ। उब्जेको अन्न खाएर नै बल, सुख र वर्ण हामीले प्राप्त गर्दछौं। त्यसैले गाईको हत्या गरिदैन। सुकुमार, महाकाय, वर्णवत र यशस्वी ब्राह्मण आफ्नो धर्मको साथ-साथै कर्तव्य पालन गर्न तत्पर थिए त्यसैले त्यस समयका प्रजा सुखी थिए।

दुर्भाग्यले यो अवस्था विग्र्यो। ब्राह्मणहरू तपश्या र त्यागको प्राचीन नैतिक जीवनबाट पतित भए र तिनीहरूको अघो पतन भएको एउटा सजीव चित्र पनि भगवानले प्रस्तुत गर्नुभयो। भगवानले भन्नुभयो राजाको विशाल सम्पत्ति तर्फ ब्राह्मणको ध्यानाकर्षण भयो। राजाको वरिपरि रहने सुन्दर स्त्रीहरू, राम्रा बुट्टेदार रथ, थूप्रै कोठाहरू भएको दरबार, अलंकृत पहिरण तिर आकर्षित हुँदै गयो। तिनीहरूको दाँजोमा आफ्नो सादा-रुखो जीवनमा केही रस देखेन, मनमा कामनाहरू उब्जीन थाले। र विस्तारै सुन्दर नारीहरू प्रति आकर्षित भए। यस प्रकार पुरातन समयका सात्विक ब्राह्मणहरूको पतन आरम्भ भयो। र ठग विद्या द्वारा राजालाई आफ्नो वशमा राखे। आफूले मन्त्र रचेर इक्ष्वाकु राजाकहाँ गएर भने कि राजा तिमी धन धान्य सम्पन्न छौ, यज्ञ गर। तिमी सम्पत्तिशाली छौ, यज्ञ गर। र राजाले ब्राह्मणको कूरा स्वीकार गरी अश्वमेघ, नरमेघ, सम्मापास, वाजपेय र निरर्गल नामका यज्ञहरू गरे र पुरोहित ब्राह्मणहरूलाई धन दिए। गाई, खाता, वस्त्र, आभूषण धारी स्त्री, असल घोडा, सुसज्जित बुट्टादार रथ र धन-धान्यले भरपूर भव्य भवन ब्राह्मणहरूलाई दक्षिणा स्वरूप प्रदान गरे। यस वर्णनबाट स्पष्ट हुन्छ की पूर्वकालीन ब्राह्मण यसप्रकारका विलासी सामग्रीहरू दानमा लिईदैन थिए होलान्। त्यागी जीवनको लागि जति आवश्यक थियो त्यति नै दक्षिणा स्वीकार गर्दथ्यो। यहाँ यो पनि स्पष्ट हुन आउँछ कि राजालाई राज्य वैभव बढ्ने र युद्धमा जित्ने प्रलोभन देखाएर हिंसक यज्ञहरू रचेका हुन्। यसको वदला आफूलाई विलासमय, वैभवमय जीवन यापन गर्ने मार्ग खोल्यो। यसप्रकार त्यागी, तपस्वी ब्राह्मणहरूको पतन भयो। यति मात्र होइन कि कोही उचाईबाट चिप्लेर लड्यो भने कति तल खस्छ भन्ने थाहा हुँदैन। यस्तै भयो र अघोपतन घोर अघोपतनमा बदल्यो।



Downloaded from http://www.dhamma.digital

धन प्राप्त भए पछि ब्राह्मणहरूले त्यसको संग्रह, परिग्रह गर्ने काम शुरु गर्यो। आफ्नो इच्छा पूरा गर्न निमग्न हुन थाले, तृष्णा बढ्दै गयो।

नयाँ मन्त्र रचेर तिनीहरू फेरि इक्ष्वाकु राजा समक्ष भेट्न गए। यस मन्त्रमा अधिक बल छ। यसबाट राज्य वैभव अधिक समृद्ध हुन्छ भन्ने आश्वासन दिए। एकातिर आफ्नो तृष्णा बढ्यो अर्को तिर राजाको तृष्णा बढ्यो र यज्ञको नाममा हुने अर्थ अनर्थमा बदल्यो। यसबाट एउटा अनुमान गर्न सकिन्छ कि पूर्वकालका ब्राह्मण निरामिष भोजन गर्दथे। हिंसात्मक यज्ञ यसकारण गर्न लगायो होला कि उनीहरू पनि अरुले झैं मांस-भक्षण गर्न सकून्। सामान्यतया मासु खानु एकदम लज्जास्पद कुरा हुन गयो होला। परन्तु देवताको प्रसादको रुपमा खायो भने मानिसहरूले केही भन्दैन भन्ने सोचे। यसप्रकार ब्राह्मणहरूले मासु खान थाले। अन्य प्राणीहरूको मासु खाँदा खाँदा गाईको मासु खाने इच्छा पनि प्रबल भयो होला। त्यस समय सम्म सायद भारतमा गाईको हत्या गरिदैन थियो। जुन गाईले दिएको दूधबाट बनिने अनेक परिष्कार यति स्वादिष्ट हुन्छ भने गाईको मासु त झन कति स्वादिष्ट होला भन्ने सोचेर गो-मेघ यज्ञ जस्ता नयाँ मन्त्र रचे होलान्। र यस्तो यज्ञ गर्‍यो भने राजाले अपार राज्य वैभव प्राप्त गर्नेछ भन्ने आश्वासन दिएर लोभी पुरोहित र लालची राजाको गठबन्धनबाट देशमा पहिलो पटक गाईको हत्या गरियो।

गाईको हत्या गर्नको लागि नयाँ मन्त्र रचेर राजा समक्ष आए र जस्तो पानी, पृथ्वी, सुन तथा अन्य धन छ त्यस्तै नै गाई पनि मनुष्यको लागि नै हो। त्यो पनि उपभोग गर्ने वस्तु हो। यसरी प्रेरीत गरेर गाईको हत्या गर्ने यज्ञ गरायो र राजाले पनि उनीहरूको कुरा सुनेर हजारौं गाई हत्या गरेर यज्ञ गरे।

यस कार्यदेखि देवता, पितृ, इन्द्र र असुरहरूले यस अधार्मिक कार्य प्रति विद्रोह गरे। यस अघि सायद गाईको हत्या हुँदैन थियो। भगवान बुद्धले गाईको गुणबारे वर्णन गर्नु भएको छ, कि गाईले कसैको हिंसा गर्दैन न खुट्टाले न सिंगले न अन्य कुनै अंगबाट। गाई भद्र हुन्छ, गाग्री भरी दूध दिन्छ। त्यस्तो गाईलाई सिंग समातेर अन्य शस्त्रको प्रयोग गरी हत्या गरायो।

जबसम्म यज्ञ केवल अन्न, तेल, घ्यू, तील तथा अन्य दालका प्रकारबाट हुन्थ्यो तब सम्म यज्ञ गर्न लायक थियो। तर जब यज्ञमा अधिक पशुहरू बलि दिन थाल्यो तब पवित्र यज्ञ स्थल पशु हत्या गर्ने स्थल झैं हुन गयो। सदाचारको जीवन जिउने पूज्य तपस्वी ब्राह्मणको जीवन एक हत्याराको जीवन झैं हुन गयो अझ भनौं यस हत्यालाई धर्मको कवच लगाई दिएर त साधारण बगरे भन्दा पनि अधिक गए-गुज्रेको हुन गयो। यज्ञस्थलमा गाईको हिंसा गर्न थाले पछि त उनको अवस्था झन भयंकर भयो। यसकार्यमा साथ दिने र यज्ञ गराउने त्यसको सहयोग गर्ने समाजका व्यक्तिहरूको अघो पतन हुन गयो। दु:खले ग्रसित हुन गयो।

पहिला केवल तीन प्रकारका रोग थिए। पहिलो इच्छा, दोस्रो भोक र तेस्रो बूढो हुनु। पशुको हत्या हुन थाले पछि अन्ठानब्बे प्रकारका रोग हुन थाले।

धर्मको नाममा पशुको हत्या आरम्भ भयो। यही अनर्थ भयो, अधर्म भयो। धर्मको नाममा जब गाईको हत्या गरियो तब घोर अनर्थ भयो। घोर अधर्म भयो। धर्मको नाममा चलिरहेको यो अधर्म र अनर्थलाई रोक्न भगवान तत्पर हुनुहुन्थ्यो ताकि जुन दोषमा सारासमाज निमग्न थिए उनीहरूलाई दोष मुक्त गर्न सकुन्। जस्को कारण ब्राह्मण समाजको अघो पतन भएको थियो तिनीहरूलाई त्यसबाट निकाल्न सकुन्। जहाँ, जब जब अवसर आयो तब तब भगवानले यस दूषित प्रथालाई हटाउने भरसक प्रयत्न गर्नु भयो। प्रज्ञा र करुणाले परिपूर्ण भएर प्रयत्न गर्नुभयो।

*(साभार- 'विपश्यना' बुद्ध वर्ष २५४५, वर्ष १८, अङ्क ३)*

**धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना**

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६६/७/९ | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| २०६६/७/१६ | चमेली गुरुमां | चमेली गुरुमां |
| २०६६/७/२४ | त्यागी गुरुमां | धम्मवती गुरुमां |
| २०६६/८/१ | केशावती गुरुमां | दो. गुणवती गुरुमां |

▲ "जो व्यक्ति हात, खुट्टा तथा बोली र व्यवहारमा संयमित भएर अध्यात्मामा लाग्दछ, समाधियुक्त भएर सन्तुष्ट भएर एकान्तमा बस्दछ त्यसलाई नै सच्चा भिक्षु भनिन्छ।"


▲ "क्रोध र अभिमान नगर्ने, नाम र रूपमा आशक्त नहुने तथा अपरिग्रही व्यक्तिनै सबैप्रकारका बन्धनबाट मुक्त हुन्छ। यस्ता व्यक्तिलाई दु:ख र संतापले छुँदैन तसर्थ रथलाई नियन्त्रण गर्न सक्ने काबिल सारथी जस्तै क्रोधलाई रोक्न सक्ने होउ।

-धम्मपद



Downloaded from http://www.dhamma.digital

# बुद्धशासनको इतिहास–१४



भिक्षु अमृतानन्द

राज्य निकै विशाल थियो । विन्दुसार राजाले र ाजकुमारहरूलाई विविध कार्यमा नियुक्त गरे, अशोककुमार लाई युवराज पद दिएर अवन्ति राज्यमा उज्जैन❀ नगरमै राखी छोडे ।

**महेन्द्रको जन्म**

एक दिन अशोक युवराज पाटलिपुत्रमा विन्दुसार राजाको चाकरीमा गए । त्यसबखत विन्दुसार राजाले युवराज अशोकलाई उज्जैन नगरमा नै बसेर त्यहाँको र ाजकाज राम्रोसंग चलाउ भनी आज्ञा गरे । पिताको वचन सुनेर अशोक युवराज अवन्तिमा नै फर्के । फर्कंदा बाटोमा बेदिए (वेदिए) गिरि✳ भन्ने नगरमा देव (वेटिए) भन्ने सेठको घरमा बास बसेछ ।

त्यहाँ सेठकी अति सुन्दरी वेटिस गिरि अथवा वेटिस नामकी एक छोरी रहिछ । अशोककुमार तिनी कुमारीसंग आसक्त भयो । पछि तिनका आमाबाबुसंग भनेर विवाह गरे । अनि पछि गर्भ रहेपछि उज्जैन नगरमै लगे । त्यहाँ पुत्र जन्मे जसको नाम महेन्द्र रह्यो । महेन्द्र जन्मंदा भगवान परिनिर्वाण भएर दुइ सय चार (२०४) वर्ष भएको थियो ।●➤ यसको दुइ वर्षपछि अशोकलाई एउटी छोरी प्राप्त भयो, जसकी नाम संघमित्रा थिए ।

महेन्द्रकुमार १० दस वर्ष हुँदा पाटलिपुत्रमा विन्दुसार राजा सिकिस्त बिरामीभयो ।

राजाले आफ्नो जेठो छोरा अशोक युवराजलाई समाचार पठाए। युवराज अशोक पनि पिता शिकिस्त छ भन्ने समाचार सुन्ने बित्तिकै छोराछोरी जहानहरू वेटिस गिरिमा नै छोडेर आफू एकलै तुरन्त पाटलिपुत्र पुगे । युवराज अशोक आएर केही दिनमै विन्दुसार राजा स्वर्गवास भयो । युवराज अशोकले आवश्यक क्रियाकाण्ड सबै गरे । अनि ज्यानको माया नगरेर आएका सुमन❏ राजकुमार प्रमुख विभिन्न आमाका तर्फबाट जन्मेका उन्नान्सय ९९ राजकुमारहरूलाई मारेर निष्कण्टक युवराज अशोकले पिता विन्दुसार राजाको राज्य प्राप्त गरे✿ ।

अशोक राजाले राज्यको कारणले गर्दा आफ्नो यौवनावस्थामा अति भयङ्कर रूपले हिंसा गरे । आफ्नो शक्ति दरिलो तुल्याउन धेरै नै युद्ध गरे । जुन निर्दयको कारणले अशोक राजालाई 'चण्डाशोक' पनि भने▲ । यतिले तृप्ति नभई अशोक राजाले त्यसबखतको एक प्रवल राज्य भइरहेको कलिङ्गतिर पनि आक्रमण गरे । कलिङ्ग जित्न अशोकलाई उति सजिलो भएन । कलिङ्ग युद्धमा दुवै थरीको असंख्य जनकाय विनाश भयो । जुन प्राणीघातलाई देखेर अशोक राजाको चित्त युद्धबाट विमुख भयो । हुनत अशोक राजाले पहिलेदेखि नै बुद्धधर्मको कुरा श्रवण गरी नराखेकी होइन, तर यो भीषण हत्या नदेखुञ्जेल अशोकले बुद्ध धर्मलाई राम्रोसंग बुझ्न सकेन ।

यो घटना देखेपछि अशोकको चित्त कसरी परिवर्तन भयो भने युद्धवलको ठाउँमा धर्मबल बढाउनतिर दृष्टि राखे । युद्धबाट पूर्णरूपले हटे● । कलिङ्ग युद्धमा जय प्राप्त भएपछि अशोकले जहाँ पनि धर्मकै प्रचार गरेको कुरा मात्र अनेक शिलालेख द्वारा प्रमाणित भएको छ । *क्रमशः*

---

❀ वर्तमान मध्य मध्य भारतमा ग्वालियर देशमा, पूर्व समयमा अवन्ति राजधानी ।

✳ वर्तमान भोपालदेखि २६ माइल जति पूर्वतिर रहेको भिलसा ।

●➤ दीपवंश, ६/२१

❏ सुमन भन्ने विन्दुसार राजाको विभिन्न रानीहरूको तर्फबाट जन्मेका उन्नन्सय राजकुमारहरू मध्ये जेठा राजकुमार ।

✿ वेपातिके भातरे सो हन्त्वा एकन सतं ।
सकले जम्बुद्वीपस्मिं एकरज्जमपापुणि ॥ महावंश, ५/१०
सारत्थदीपनी पृ १३०

▲ "चण्घासोकोति आयित्थ पुरे पापेन कम्मुना"-महावंश, ५/१९०

● अठवषा भिषितषा देवानपियष प्रियदषिने लाजिने कलिग्या विजिता दियढमिते पानषतषहशे ये तफा अप बुढे शतषहष मिते तस हते हते वहुतावतके वा मते ततो पछा अधुना लधष कलिग्येषु तिवे धमवाये धंमकामता धंमानुषथि चा देवानं पियषा षे अथि अनुषये देवानं प्रियषा विजिनितु कलिग्यानि । अविजितं हि विजिनमने एतता वध वा मलने वा अमवहे वा जनषा वाढष वेदनियमुते गुलुमुते चा देवान पियष ।– Corpus Inscriplonum Indicarum, Vol= 1, P. 43-44– [प्रज्ञा कीर्ति स्थविरको आगमा हा समाज पृ. ११५]

# केही बौद्ध विश्वासहरू...१४

■ ले. के श्रीधम्मानन्द, अनु. वरदेश मानन्धर

निर्वाण के हो भनेर कल्पना गर्नु खतरापूर्ण छ –वरू निर्वाणका लागि आवश्यक आधारहरू कसरी तयार गर्ने, भित्री शान्ति र दृष्टि विशुद्धि गर्ने जसले निर्वाण तिर लग्छ – भन्ने खोज्नु श्रेयस्कर छ । बुद्धका सल्लाहहरू मात्र, अनुसरण गर, उहाँका शिक्षालाई व्यवहारमा लगाऊ । लोभ, द्वेष, मोहमा आधारित तिम्रा क्लेशबाट मुक्त होऊ । तिमीले सवै इच्छाहरूबाट पूर्ण रूपले आफूलाई शुद्ध पार र तिमीले पूर्ण रूपमा 'म' भन्ने नभएको कुरा बुझ्नु पर्दछ । तिमीले शुद्ध नैतिक आचरणको जीवन विताउनु पर्छ र तिमीले अटुट रूपले भावना अभ्यास गर्नु पर्दछ । कडा मिहेनत गरेर तिमीले आफूलाई सवै स्वार्थीपना र अज्ञानताबाट मुक्त पार्नु पर्छ । सबै संसारिक वस्तुहरूबाट अनाशक्त हुन सिक्नु पर्दछ । यदि कुनै वस्तु वा व्यक्ति प्रति कुनै आशक्ति छ भने वा कुनै व्यक्ति वा वस्तु प्रति द्वेष छ भने तिमीले कहिल्यै पनि निर्वाण प्राप्त गर्ने छैनौं । किनकि निर्वाण, आशक्ति वा द्वेष, मन पर्ने वा मन नपर्ने सवैका विपरितहरूबाट निर्वाण अलग्ग छ ।

जब त्यस परम अवस्था प्राप्त गरिन्छ, तिमीले अहिले आशा गरिरहेको यस संसारिक जीवनलाई राम्ररी बुझ्ने छौ । त्यसबेला यस संसार तिम्रो आकांक्षाको विषय हुने छैन । तिमीले जीवित र निर्जीव सवैको दु:ख अनित्य अनात्मालाई बुझ्ने छौ । कुनै पनि भिक्षु वा पुस्तकले तिमीलाई यस परम अनुभूति बारे कहिल्य सिकाउने छन । तिम्रा दिवा सपनाहरू नाश हुने छन् । हावामा कुनै महल बनाइने छैन । आवेशहरूको अन्त्य हुने छन् । जीवनका सङ्घर्षहरू खत्तम हुने छन् । प्रकृतिका प्रकृयाहरूको अन्त हुने छन् । सवै भन्दा सुखको अवस्था निर्वाण-प्राप्त गरी सके पछि तिम्रा सवै चिन्ता, दु:ख, जिम्मेवारी, वाधा, बोझ, शारीरिक एवं मानसिक अस्वस्थता । आवेशहरू हराएर जाने छन् ।

### मूर्ति–पूजा

बौद्धहरूमा पनि बुद्धको मूर्ति राख्ने र बुद्धलाई सम्मान गर्ने चलन भएता पनि बौद्धहरू मूर्ति पूजक होइनन् । साधारणतया मूर्ति-भक्त भन्नाले आफूलाई थाहा नभएका विभिन्न देव-देवीहरूको विभिन्न आकार प्रकारका मूर्ति स्थापना गरी ती देव- देवीहरूको विभिन्न आकार प्रकारका मूर्ति स्थापना गरी ती देव-देवीहरूलाइ भक्ति गर्ने भन्ने जनाउँदछ । यसरी गरिने–प्रार्थना (भक्ति) यी देवताहरू सँग निर्देशन एवं संरक्षणको लागि गरीने अनुरोध हो । सुस्वास्थ्य, धन, सम्पति र विभिन्न आवश्यकताहरू प्रदान गरिदिने वरदान दिनको लागि यी देव देवीहरूसँग प्रार्थना गरिन्छ । आफूहरूले गरेका पापहरूको मोचन गरि दिन पनि प्रार्थना गरिन्छन् ।

बुद्ध-मूर्तिलाई गरिने पूजाको अर्थ भिन्नै छ । यस संसारमा जन्मेकाहरू मध्ये सवैभन्दा उच्च, बुद्धिवान, हितकारी, दया–करूणा भएको र पवित्र पुरूषको प्रतिक स्वरूप नै बौद्धहरूले बुद्ध-मूर्तिलाई आदर गर्दछन् । यो एउटा ऐतिहासिक तथ्य हो उक्त महामानव सांच्चैकै यस संसारमा जन्म लिनु भएको र मानवतालाई ठूलो मद्दत गर्नु भएको थियो । बुद्धलाई पूजा गर्नुको अर्थ ढुङ्गा या धातुका मूर्ति प्रति नभै उहाँलाई सम्मान प्रकट गर्नु, आराधना गर्नु एवं आस्था प्रकट गर्नु हो ।.

सभ्य संसार भरीका पुस्तौं पुस्ता देखिका लाखौ जनतालाई प्रभावित गर्दै आएका हृदयमा स्मरण गराउन बुद्धको-मूर्तिले मद्दत गर्दछ । बौद्धहरूले बुद्ध–मूर्तिलाई मनको शान्ति प्राप्त गर्नको लागि एकाग्रताको एउटा आरम्मण र प्रतिकको रूपमा लिन्छन् । जब बौद्धहरूले बुद्ध-मूर्तिलाई हेर्छन-उनीहरू कलह– झगडाको विचारलाई हटाउँछन् र शान्ति, स्वच्छता, शान्तपना र निश्चलता बारे मात्र सोच्छन् । यस मूर्तिले त्यस महान पुरूषलाई सम्झन लगाउँछ र वहाँको उदाहरण एवं शिक्षाहरूलाई अनुशरण गर्न उत्साह दिन्छ । सच्चा बौद्धहरूको दिलमा आफ्नो गुरूको सजीव उपस्थितिको अनुभव हुन्छ । यस्ता अनुभूतिले उनीहरूको पूजा सजीव एवं अर्थपूर्ण बनाउँछ । बुद्ध मूर्तिको स्वच्छताले उनीहरूलाई विचार र आचरणले सही बाटो अपनाउन प्रभावित र उत्साहित पार्दछ ।

ज्ञानले पूर्ण भएका एक बौद्धले कहिल्यै पनि कृपाको आशा गर्दैन । नत आफ्नो कुकर्मबाट बचाउनको लागि नै प्रार्थना गर्दछ । ज्ञानले युक्त एक बौद्धले संसारीक दु:खबाट मुक्त हुन र मोक्ष प्राप्तिको लागि आफ्नो मनलाई नियन्त्रण गर्न बुद्धका उपदेशहरू पालन गर्ने तिर लाग्छ । *क्रमश:*





Downloaded from http://www.dhamma.digital

# चमेली गुरूमां र उहाँको आधुनिक शिक्षण पद्धति



सुमित्रा शाक्य

मेरो बुबा दिवंगत डा. थीरमान शाक्यको गुरूमांहरूप्रति साह्रै सद्भाव थियो। गुरूमांहरूको स्वास्थ्यसम्बन्धी केही समस्या पऱ्यो भने उहाँ तुरून्त विहारमा गई औषधिउपचार गर्नुहुन्थ्यो। त्यस बेलादेखि नै शायद हप्ताको एकदिन बुबाले धर्मकीर्ति विहारमा सर्वसाधारण व्यक्तिहरूको लागि निःशुल्क स्वास्थ्य परीक्षण पनि गर्नु हुन्थ्यो। मेरी आमा ज्ञानी देवीको पनि बुद्ध धर्म र गुरूमांहरू प्रति आस्था र झुकाव भएको कारणले समय मिलाएर विहारको बुद्धपूजा कार्यक्रमहरूमा सम्मिलित भइरहनुहुन्थ्यो। यसरी बुबा आमा दुबै जनाको गुरूमांहरूप्रतिको आस्थाका कारण विहारमा हाम्रो आवत जावत थियो ।

कुरा शायद वि.सं. २०३३/२०३४ सालतिरको हो। त्यस बेला म कक्षा १ मा पढ्थें। जाडोको छुट्टि थियो। बुबाले म, मेरी दिदी र काकाकी छोरीलाई घरमा त्यसै गफ गरी, डुलेर खेलेर बिताउनु भन्दा दिउँसो धर्मकीर्ति विहारमा चमेली गुरूमांले छुट्टिमा बसेका बालबालिकाहरूलाई पढाइ र हनुभएको छ तिमीहरु पनि जानू। आउनू भन्नुभएको छ भनी पढ्न पठाइ दिनुभयो। त्यहाँ त हामी जस्तै थुप्रै बालबालिकाहरू पढ्न आएका रहेछन्। विहार पूरै जसो भरिएको थियो। चमेली गुरूमांले त निकै राम्रो वातावरण सृजना गरेर पो पढाइरहनु भएको रहेछ। हँसिलो अनुहार शालिन व्यवहार भएकी चमेली गुरूमां त्यसमा पनि रमाइलो वातावरणमा पढ्न पाएकाले हामी त्यहाँ पढ्न जानका लागि आर्कषित हुँदै गयौं र हतार हतार विहारमा जान तयार हुने गऱ्यौं। त्यहाँका गृहकार्य पनि मन लगाएर गऱ्यौं। यो देखेर बुबा आमा एकदम खुशी हुनुहुन्थ्यो र हाम्रो जाडोको बिदा पनि सदुपयोग भएको ठान्नुहुन्थ्यो।

चमेली गुरूमांले धेरै जसो अंग्रेजी विषय पढाउनुहुन्थ्यो। त्यस समयमा स्कूलहरूमा अंग्रेजी विषयको पठन पाठन कमै हुने गऱ्यो। सरकारी स्कूलमा त झन् कक्षा तीन देखि मात्र अंग्रेजी विषयको पढाइ हुन्थ्यो। त्यसैले विद्यार्थीहरू अंग्रेजी विषयमा कमजोर हुन्थे। त्यसमा पनि झन् त्यस बेला शिक्षक भनेपछि हातमा लठ्ठी लिई तर्साएर घोकाएर पढाउने भन्ने लाग्थ्यो। त्यस्तो समयमा गुरूमांले अंग्रेजी पढाउने वातावरणलाई रमाइलो गरी गीतको माध्यमबाट ABCD..., Sunday, Monday..., आदि सिकाउनु हुँदा त्यहाँ पढ्न आएका सबै विद्यार्थीहरू मजस्तै लाभान्वित भएको हुनुपर्दछ भनी म ठान्दछु। म आफूसानै भएकीले मलाई साताका दिनहरू र राम्ररी गन्न आउँदैनथ्यो। भनि हाले पनि क्रम नमिली अगाडि पछाडि हुन्थ्यो। तर गुरूमांले सिकाउनु भएको तरिकाबाट अंग्रेजी र नेपाली दुवै माध्यमबाट दिनहरुको नामहरू भन्न सक्ने भएं। त्यसै गरी अरू पाठहरू पनि प्रभावकारी ढङ्गबाट विद्यार्थीको उमेर अनुसार मिल्ने र सम्झन सक्ने गरी पढाउने उहाँको एउटा खुबी थियो। त्यस बेला त ती पाठहरू कति सजिलो सँग गाएर खेलेर सिकें जस्तो लाग्थ्यो। तर आज जब म आफू पनि यही पेशामा लाग्दा त्यस शिक्षण पद्धतिको महत्वलाई मैले आफैले पनि नजिकबाट महशुस गरेकी छु जस्तो मलाई लाग्दछ।

चमेली गुरूमां कहाँ पढ्न आउने सबै विद्यार्थी म जस्तै, म भन्दा ठूला र साना सबै उमेरका हुन्थे। सबै एकै ठाउँमा बसि पढ्ने हुनाले हामी बीच एक आपसमा बुझ्ने मौका पनि पाइन्थ्यो। अंग्रेजी पढाउनुका साथै उहाँले हामीलाई विभिन्न कथाका मार्फत नैतिक ज्ञानहरू पनि दिनु हुन्थ्यो जसलाई हरेक व्यक्तिले आफ्नो जीवनकालमा अनुशरण गर्नु पर्दछ भनि म ठान्दछु। त्यसबेला हाम्रो जाडोको बिदा विहार मा गई चमेली गुरूमांबाट ज्ञानगुणका कुराहरू तथा अंग्रेजी विषय पढेर बित्ने गऱ्यौं।

आजकाल त बिदा भयो भने बालबालिकाहरूलाई Summer camp, Winter camp भनी मोटो रकम तिरी विभिन्न ठाउँहरूमा पढ्न पढाउँछ। त्यस्ता ठाउँहरूमा रमणीय वातावरणमा बालबालिकाहरूलाई विभिन्न विषयहरूको अनौपचारिक शिक्षा दिई उनीहरूको सामाजिक, नैतिक तथा ज्ञानात्मक विकाश गराउनुको साथै विदाको सदुपयोग पनि हुने गर्दछ। तर त्यस समयमा बिदाको सदुपयोग गर्नको लागि त्यस्ता Campहरू थिएनन् नत TV र Computer नै। त्यस्तो समयमा पनि चमेली गुरूमांले बिदामा बसेका बालबालिकाहरूलाई एकै ठाउँमा भेला गराएर मनोरञ्जनात्मक वातावरणको सृजना गराएर निःशुल्क शिक्षा प्रदान गर्नुहुन्थ्यो र नैतिक तथा सामाजिक विकास गराउनुहुन्थ्यो। त्यसबेला सिकेका कुराहरू मेरो मानस पटलमा झलझली आउने गर्छ। ती क्षणहरू हाम्रो लागि यादगार क्षणहरू थिए र एउटा शिक्षकको लागि पनि प्रेरणादायक कक्षा थियो। त्यति बेलैमा पनि उहाँको शिक्षा पद्धति समयानुकूल आधुनिक युगको प्रतिनिधित्व गर्ने खालको थियो। ■



सुमन शाक्य

# प्रेरणाकी खानी चमेली गुरूमां

कुनै पनि देशको विकासको पूर्वाधार भनेकै शिक्षा क्षेत्रको विकास हो भन्ने कुरा पुष्टि भइसकेको छ । र शिक्षाको प्रारम्भ आमावाट हुन्छ । त्यसैले त घर शिशुको पहिलो पाठशाला वन्छ । संस्कारको हस्तान्तरण पनि आमाबाट नै हुन्छ । क्रमश: शिशुको शारीरिक वृद्धि र विकास संगै उ विद्यालय जान्छ र आमाको दायित्व औपचारिक रूपमा चाहीँ विद्यालयले लिन्छ । यथार्थ पनि यदि कसैले भगवानको स्वरुप वा प्रेरणाको श्रोत देख्छ भने त्यो नीजको या त आमावुवा हुन् या त गुरू नै ।

गुरू शब्द संस्कृत भाषावाट सापटी लिइएको हो जसको शाब्दिक अर्थ अन्धकारको विनास भन्ने हुन्छ अर्थात कसैको अज्ञानता रूपी अन्धकारलाई शिक्षाको प्रकाशले हटाई सार्थक जीवनको मार्ग दर्शन गरिदिने महान, आदर्शवान् तथा नमनीय व्यक्ति नै गुरू बन्न सक्छ ।

स्वभाविक रूपमा शिक्षित , शिष्ट र चेतनशिल व्यक्तिवाट मात्र देशको चौतर्फी विकास संभव छ । यही तथ्यलाई आत्मसात गरी आफ्नो तर्फबाट शिक्षा र धर्म प्रचारमा समर्पित प्रेरणाकी श्रोत चमेली गुरूमांले चीवर पहिरेको पचास वर्ष पुगेको पावन अवसरमा सुख, समृद्धि, सुस्वास्थ्य तथा दिर्घायूको मंगलमय हार्दिक शुभ-कामना व्यक्त गर्न चाहन्छु ।

वौद्ध धर्मकी प्रवर्द्धक, शिक्षा क्षेत्रकी उज्ज्वल नक्षत्र तथा धर्म देशनामा ठूलो योगदान पुऱ्याउँनु भएकी हाँसिली, भद्र तथा नम्र स्वभावकी धनी चमेली गुरूमां सवैका माझ लोकप्रिय हुनुहुन्छ । जहिले पनि शिक्षकको नाताले मिथ्याबोधलाई नष्ट गरी कर्तब्य वोधको शिक्षा दिने गर्नु हुन्छ उहाँ र त्यो ज्ञान विद्यार्थीमा स्थानान्तरण गर्न पनि सधै प्रेरीत गर्ने गर्नुहुन्छ । उहाँको आदर्श वचन छ-"आमाबुवाको सेवा गर्नु सन्तानको कर्तब्य, धर्म र दायित्व हो ।"

मैले चमेली गुरूमांलाई त्यस्तै ३२/३३ साल तिर चिनेकी हूँ जतिवेला म मात्र ४/५ वर्षे वालिका थिएँ । त्यसबेला धर्मकीर्ति विहार श्री घ: परिसरमा चमेली गुरूमांले सा-साना नानीहरूलाई प्राथमिक विद्यालय जाने पूर्व तयारीको रूपमा विहान ७ वजे देखि ९ वजे सम्म निकै मनोरञ्जनपूर्ण रूपमा शिक्षा दिनु हुन्थ्यो । मेरो बुवा स्व.डा. थिरमा शाक्य पनि विहारमा नि: शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने हेतुले स्वास्थ्य सिविरहरू सञ्चालन गर्दै आउनु भएको थियो । उहाँकै चाहना अनुसार, हामी दुई दिदी, वहिनी विहान विहान पढ्न जान्थ्यौं । अहिले पो मैले महशुस गरेको छु उहाँले हामीलाई ब्यावहारिक ज्ञान तथा संस्कारलाई वढी महत्त्व दिनुहुन्थ्यो । भगवानलाई दण्डवत गर्ने देखि लिएर पञ्चशीलको पालना, कथाको माध्यमवाट पाप, धर्म, कर्तब्य उचित र अनुचित कुराहरू सिकाउँनु हुन्थ्यो । "ज्ञान भनेको भित्रिरूपमा मनन गर्ने कुरा हो ।" उहाँको दृढ मत हुन्थ्यो ।

ABCD देखि वारहरूका नाम अंग्रेजी तथा नेपालीमा रोचक ढंगले गीतको माध्यमवाट सिकाउँनुहुन्थ्यो । उहाँले अगाडि बोलाउँदा म हात उठाउँथें र अगाडि गएर कालोपाटीमा लेख्ने गर्थे । पछि अर्को विद्यालयमा गएर जब मैले गीत गाएरै ABCD देखि Sunday, Monday... भनें तव सोध्नु भयो जिज्ञाँसापूर्वक कसले सिकायो भनेर । त्यसपछि मेरो चमेली मिससँगको संवन्ध भावनात्मकरूपमा अझ वढेको महशुस भयो जव मैले उहाँको नाम लिएँ त्यसवेला । आज मन्टेश्वरी लगायत जे जस्तो तालिम दिइन्छ साना नानीहरुलाई अध्यापन गराउँने शिक्षकलाई त्यो चमेली गुरूमाँले त्यतिबेलै सुरू गरेकाले उहाँ समयभन्दा धेरै अगाडि बढ्नु भएको पुष्टि हुन्छ ।

विहारमा त्यसवेला पनि अष्टमी, पूर्णिमा आदि दिनमा बुद्ध पूजा हुन्थ्यो र मेरी आमा ज्ञानी देवी शाक्य हाम्रो विदाको समयमा हामीलाई लिएरै जानुहुन्थ्यो । हामी १/१ रूपैयाँ दान दिन्थ्यौं भने १०/१२ रूपैयाँको विस्कुट दिएर हामीलाई पठाउँनु हुन्थ्यो । यो उहाँका उदारताको उत्कृष्ट नमूना थियो । हामी घन्टौ उहाँको कोठामा खेलेर उहाँलाई चाहिँदा नचाहिँदा जिज्ञांसा राख्दा समेत नझर्किकन उहाँ शालिन ढंगले प्रस्तुत हुनुहुन्थ्यो ।

उहाँको शिक्षा दिने तौरतरिकावाट प्रभावित भएर नै मैले अहिले पनि प्रभात मा.वि.मा अध्यापन गराईरहेको छु भने एउटा शिक्षक तालिम केन्द्र खोलेर वच्चाहरुलाई मायालु वातावरणमा कसरी शिक्षा दिन सकिन्छ भनेर शिक्षकहरूलाई तालिम दिइरहेको छु । म दृढं छु, उहाँले दिनुभएको उपदेश र शिक्षा मेरो जीवनको अन्तिम घडिसम्म पनि ताजै रहिरहने छ ।

■



Downloaded from http://www.dhamma.digital

# पतनका औजारहरू

■ नरेन्द्रनाथ भट्टराई

मनुष्य जीवनलाई पतीत पारेर नर्कमा धकेलिदिने औजारहरूमध्ये मुख्यत: स्वार्थ, अहंकार, घृणा, आक्रोश, लोभ, शत्रुता, डाह, पदाकांक्षा, धनाकांक्षा, भोगदृष्टि आदि अनेक छन् । यिनीहरूमध्ये कुनै पनि एउटाले मानिस भित्र पसेर राम्ररी काम गर्न पायो भने त्यो मानिसको सत्यानाश नै गरिदिन्छ ।

एक पटकको कुरा हो, सैतानले मानिसमा प्रयोग गर्ने गरेका सबै प्रकारका औजारहरू अबदेखि आफूले प्रयोग नगरी स्वयं उनीहरूको रूची अनुसार उनीहरूले नै प्रयोग गरेदेखि यस्तो कुकर्मबाट आफू पनि मुक्ति हुने र फुर्सद पनि मिल्ने कुरा विचार गरी ती सबै सामाग्री राखेर एउटा भव्य प्रदर्शनी खोलेर बसेछ । त्यस्तो गजबको प्रदर्शनी खुलेको सुन्दा दङ्ग परेर विश्वभरका मानिसहरू त्यहाँ आएर कसैले एउटा, कसैले दुइटा र कसैकसैले ४, ५ र ६ वटा भन्दा पनि धेरै किनेर लगेछन् । कसैकसैलाई यी कुनै पनि औजारहरू मन नपरेर आफ्नो रूची अनुसारको औजार कहाँ कुनचाहिं स्टलमा राखेको होला भनेर खोज्दै जाँदा स्वयं सैतानको टेबुलमा बडो राम्ररी प्याक गरेर राखेका तर धेरै नै खिइसकेका औजारमा तिनीहरूको आँखा परेछ । "सैतानज्यू ! यो कुनचाहिं औजार हुन् ? यिनको नाम के हो र यिनको काम के हो ?" भनी ती मानिसहरूले सोध्दा सैतानले भने- "हेर बाबु हो ! अरू औजारका निसान कहिलेकाहीं चुक्न पनि सक्छन् तर यी औजार कहिल्यै चुक्दैनन् । त्यसैले यिनले विशेष सम्मान पाएर प्याकेट भित्र बडो राम्रो स्याहार पाएर रहन पाएका छन् । किन यी खिइएका हुन् भनौला त्यसको पनि कारण छ, यी अचुक भएकोले म प्रायस: सबै मानिसहरूमा यी दुईटा औजार सधैं नै प्रयोग गरिरहन्छु । ज्यादा प्रयोग हुँदाहुँदा यी चाँडो खिइन गएका हुन् । यिनको नाम हो, निरूत्साह र निराशा !

हुन पनि आज विश्वभरका मानिसको चित्तदशा हेर्ने हो भने यी दुवै औजारको मार सबैमा भइरहेको पाइन्छ ! सैतानका यी दुई औजारबाट मात्र अलग्ग रहन सकेमा पनि मनुष्य जीवन सफल र सार्थक हुन्छ, अन्यथा ... ... ।

१. **जप, तप, दान, दक्षिणा, भजन-कीर्तन, त्याग, तपस्या, तीर्थ, व्रत सबै व्यर्थ हुन्छन् जहाँसम्म अहं हुन्छ ।**

२. **जति दौडे पनि छायाँ पकडमा आउँदैन यसैगरी बाहिर जति खोजे पनि आत्मा फेला पर्दैन ।**

३. **छायाँलाई पकड्ने हो भने अडिनु पर्दछ र आफैंलाई समातेमा छायाँ पक्कडमा आउँदछ त्यसैगरी आत्मालाई फेला पार्ने हो भने अन्यत्र लाग्नबाट रोकिनु पर्दछ र आफैंभित्र हेर्नुपर्दछ ।**

४. **एकान्त भनेको एक प्रकारको वातावरण त्यागेर, अर्को प्रकारको वातावरणमा जानु होइन नता स्थूल जगत त्यागेर मानसिक जगतमा जानुनै हो । आफू अर्थात् आत्मामा रहनुनै वास्तविक एकान्त सेवन हो ।** साभारः परमात्माको दर्शन (चिन्तनद्वारा)

■

## जीनवती गुरुमां दिवंगत हुनुभयो

*२०६६ कार्तिक १३ गते, शुक्रवार*



नरसिंहाराम विहार थैनामा रहँदै आउनुभएकी ९२ वर्षीय जीनवती गुरूमां यही २०६६ कार्तिक १३ गतेका दिन दिवंगत हुनुभएको समाचार छ ।

बुबा रत्नमान शाक्य र माता लक्ष्मी कुमारी शाक्यको कोखबाट बि.सं. १९७४मा जन्मनु भएकी दानमाया शाक्यले मिति २०४७ बैशाख महिनामा प्रब्रजित हुनुभई जीनवती गुरूमां हुनुभएकी थिइन ।

दिवंगत जीनवती गुरूमांको पार्थिव शरीरलाई दाह संस्कार गर्नु अगाडि भन्ते गुरूमांहरूको तर्फबाट परित्राण पाठ गराइएको थियो । सो पश्चात दि. जीनवती गुरूमांको पूण्य स्मृतिमा दानप्रदान गरी पूण्यानुमोदन गरिएको थियो ।

# अनन्त ज्योतिः – ५

**श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन**

**अनुवाद– देवकाजी शाक्य**

४९

- मिहिनेतपूर्वक काम गर र समयलाई नठग अर्थात् विलम्ब नगर ।
- तिमीलाई अरूले डरपोक ठाने पनि धैर्य गर ।
- बहादुर बन, आफूलाई अति दोषरोपण नगर ।
- अनासक्त भई नाफानोक्सानलाई परित्याग गर ।

५०

- जीवन बाँच्न असल छिमेकीहरू छान ।
- यात्रा गर्न असल साथी खोज ।
- ज्ञानको भण्डार भर्न असल पुस्तकहरू छान ।
- राम्रो व्यवहारको अभ्यासको लागि असल मित्रहरू छान ।

५१

- जीवन कठिन हुँदजा धैर्यले साथ दिन्छ ।
- मानिसहरूलाई खोज्न गाह्रो हुँदा, इमान्दारीले घनिष्ठ मित्र प्राप्त गर्न मद्दत गर्दछ ।

५२

- उत्साह, उमंग र जाँगरमा रहन बढी नखाऊ ।
- अरूसँग मिलेर बस्न कडा बचन नबोल ।

५३

- पछाडि अरूहरूका प्रशंसा गर्दा उनीहरू खुसी हुन्छन् ।
- उनीहरूकै सामू आलोचना गर्दा नचाहिँदो फाल्टो गफ समाप्त हुन्छ ।

५४

- एकजना बढी मित्र बनाउनु एकजना शत्रु कम गर्नु हो ।
- एकदिनको कडा परिश्रम एकदिनको सन्तुष्टि हो

५५

- रूखलाई सौन्दर्य प्रदान गर्न एउटा रातो फूलको लागि हरिया पातहरू आवश्यक पर्दछ ।
- रातको सुन्दरता झल्काउन ताराहरूका महासागरमा चम्किलो चन्दमाको जरूरत पर्दछ ।
- एउटा कामलाई सुसम्पन्न गर्न हाकिमलाई अधिनष्ठ कर्मचारीहरूको एकत्रित सहयोग आवश्यक पर्छ ।

५६

- धैर्यपूर्वक ध्यान एकत्रित गरेर सुन्दा ज्ञानको दायरा फराकिलो हुन्छ र तिमीलाई अभिवादन गर्नेछ ।
- हावादारी कुरा र नचाहिँदा गफले तिम्रा कमजोरीहरू बाहिर निस्कनेछन् र तिमी तिरष्कृत हुनेछौ ।

५७

- अभ्यास गर्ने र परिष्कृत हुने सदिच्छाले सत्कारण र अवस्थाहरू जम्मा गर्न सहयोग पुग्नेछ ।
- सहयोग गर्ने तत्परताले तिम्रा अनुभवहरू फराकिलो हुनेछन् ।

५८

- निश्चिन्त मन मोजमस्ती मज्जाभन्दा अधिक मूल्यवान हुन्छ ।
- सर्वसम्मत स्वीकृति सबभन्दा राम्रो लक्षण हो । *क्रमशः*

## श्रद्धेय चमेली गुरूमांयात वन्दना !



*परियत्ति शिक्षा कार्यक्रमय् ब्वति कया बिज्यानाच्वम्ह चमेली गुरुमां*

गुरूमां प्रव्रजित जुया बिज्या:गु न्येदँ दुगु उपलक्षय् यक्को भिंतुंना देछाना च्वना ।

चमेली गुरूमांनं जित: कुशल लँपुई पला: तय्के बिया बिज्यात । वसपोलं परियत्ति शिक्षा बारे कना बिज्याना: जित: परियत्ति ब्वनेगुली प्रोत्साहन बिया बिज्यात । फलस्वरूप जिं नं कुत: याना च्वनागु दु । वस्पोलयागु कृपा व आशिर्वाद परियत्ति शिक्षा अध्ययन यायगु निरन्तरता बिया च्वने फत । वसपोलयात आपालं सुभाय् ।

**प्रेमलता तुलाधर**, इतुम्बहा:



Downloaded from http://www.dhamma.digital

# योग अभ्यास विधि - भाग ५२

रेकी, योगा शिक्षक एवं प्रा.चि.डा. **गोपाल प्रधान**
रेकी वैकल्पिक उपचार केन्द्र, दिव्यज्योती समूह नेपाल, भोटाहिटी, काठमाण्डौ, फोन नं.: ४२२४०८५

## घुँडाको दुखाई (पिडा) योगाभ्यासबाट नियन्त्रण हुन्छ

दुखाईको कारण हाम्रो शरीरमा रोग लाग्नुको एक लक्षण हो कुनै प्रकारको शरीरमा अनायास देखिने दुःखाई (पिडा) वात रोगको लक्षण हुन सक्दछ । यसै कारण घुँडा, कम्मर, गर्दन हातका जोर्नीहरू, खुट्टाका जोर्नीहरूमा अनायास पिडा देखिएमा तत्काल दुखाई कमगर्ने औषधि, मसाज, मालीस, सेक आदि गर्नु हुदैन किनकी जसबाट विकराल रूप लिन सक्दछ ।

यहाँ म घुँडाको दुखाई (पिडा) नियन्त्रण गर्न केहि विषय वस्तुहरू प्रस्तुत गर्न लागेको छु । कृपया तपाईलाई यस्तो कुनै समस्या छ भने देखि एक पटक प्राकृतिक चिकित्सकबाट सल्लाह सुझाव लिएर मात्र यस विधिलाई अपनाउन अनुरोध गर्दछु । हाम्रो शरीरका लागि भिटामिन, खनीज पदार्थ, प्रोटिन, क्यालसियम र चिल्लो पदार्थ अत्यावश्यक छ तर त्यती अत्यावश्यक पनि छैन । यी वस्तुबाट प्राप्त हुने शक्ति अर्थात कैलोरीको महत्व हामी सबैले बुझेका छौं । उपरोक्त भिटामिन र खनिज पदार्थ प्राप्त गर्नकोलागि हामीहरूले विभिन्न प्रकारको भोजन गर्दछौं प्रचुर मात्रामा शक्ति (कैलोरी) प्राप्त गर्दछौं । जस्का कारण विस्तारै-विस्तारै पाचन क्रियामा संक्रमित हुन थाल्दछ र अम्लपित्त, ग्यास्ट्रिक आदि रोग देखिन थाल्दछ । यस्ता पेटका रोगहरूबाट विस्तारै-विस्तारै बाथ रोग देखिन थाल्दछ । जसकाकारण जोर्नीहरूको पिडा, घुँडा, ढाड,गर्दन, कुम आदि स्थानहरूमा कष्टदायक पिडा देखिन थाल्दछ । यहि कारण प्राकृतिक चिकित्सा पद्धति अनुसार यस्तो पिडा देखिएमा सर्व प्रथम पेटको उपचार अर्थात आफ्नो आहार-विहारमा परिवर्तन ल्याउनु नितान्त आवश्यक पर्दछ । आहार-विहारमा परिवर्तन ल्याए पश्चात् आफ्नो दिन चर्या र व्यायाममा पनि पुर्ववत अभ्यास भन्दा केहि परीवर्तन गर्नु पर्दछ । जस्तै पेटका लागि उत्तम आसनहरू गर्ने भोजन समयमा गर्ने, जस्तो मन लाग्यो त्यस्तो भोजन नगर्ने तथा "आराम" शरीरको लागि महत्वपूर्ण भएको कारण घुँडा दुख्ने व्यक्तिले नियमीत आराम गर्नु अति आवश्यक छ ।

अत म यहाँ घुँडाको पिडा नियन्त्रण गर्न उत्तम आसन "जानुशीर्षासन"का वारेमा केहि जानकारी प्रस्तुत गर्न लागेको छु । जानुशीर्षासन "जानु" अर्थात घुँडा वा तिघ्रा र "शीर्ष" अर्थात टाउको भन्ने बुझिन्छ ।

जानुशीर्षासन गर्ने विधि:-

१. सर्व प्रथम दण्डासन अर्थात दुवै खुट्टा सिधा पसारेर बस्नुहोस् ।




चित्र नं. १



चित्र नं. २


२. दण्डासनमा बसी सकेपछि बायाँ खुट्टा घुँडा सम्म मोडेर कुर्कुचा गुप्ताङ्गमा छुवाएर बस्नु होस् ।



*चित्र नं. ३*

३. घुँडाँ खुम्चाएर वसी सकेपछि दुवै हात नली हाड वा पाईतालामा समात्नुहोस् ।
चित्र नं. ३

४. समाति सकेपछि झुक्दै घुडाँ ढोक्ने कोशिश गर्नु होस् । चित्र नं ४



*चित्र नं ४*

शुरू शुरूमा तपाईले घुँडा ढोक्नसक्नुहुन्न तर विस्तारै विस्तारै आफ्नो घुँडा ढोक्न सक्नु हुनेछ । बायाँ साईडमा यो प्रकृया पुरा गरी सकेपछि यहि प्रकृया दायाँ पट्टि पनि दोहऱ्याउनु होस् ।

जानुशीर्षासन गर्ने अवधि :-

*क्रमशः*

# भिन्तुना दु भिन्तुना चमेली गुरुमांयात

✍ अमृतमान शाक्य भिक्षु (इतुंवाहा)

भिन्तुना दु भिन्तुना चमेली गुरुमांयात
शाक्य कुलया म्ह्याय् मचा
चमेली खः वया नां ।
हिसि दु व सकसिया योम्ह
बाँलानं अति हे बाँला ।
विहार व्वने कुथी न्हयाथासं
भेले पुने सः न्हयाम्ह नापं ।
सयके सिइके वया इच्छां
बर्मा देशय् ध्यन वला ।
विरक्त मनं अनित्य थुइका:
प्रव्रजित जुल धर्म दिन्ना जुया:
शाक्य कुलया म्हयाय् मचा
भिक्षुणी जुल वला ।
चीवरपुना: शिक्षा दान याना
धर्म प्रचार याना जुल ।
चैत्य गुम्वा विहार पतिकं
बुद्ध देशना ध्वयकीम्ह व ।
ज्याथया वैसे थ्यना च्वसां
ल्यासे हे भा:पा: खनेदु अयनं।
प्रव्रजित जुगू म्हिग: थें च्वसां
लुँयादं थ्यन थौंला वया ।
भिक्षुणी संघया थीगु नगुं
झलमल धायमा नेपा:दे ।
भिन्तुना दु भिन्तुना
प्रव्रजित जुगु न्ययदँया ।

# भिन्तुना परियति शिक्षिका गुरुमां चमेलीयात

✍ प्रेम लक्ष्मी तुलाधर, "न्यत"

बुद्धया दर्शन यायत वनेनु पासापिं धर्मकीर्ति विहारय्
अज्ञानी भीपिं ज्ञानी जुइत न्योवनेनु पासा बुद्धया ज्ञान

मयूगु व बुइकेयात ब्वनेनु पासापिं परियत्ति
शिक्षिका गुरुमां चमेलियाथाय्

मथूगु आख: थ्वयसेकेयात स्योंवनेनु पासापिं
गुरुमां चमेलीयाथाय्

आख: थ्वयमसपिंत म्हुतु न्हयस:त्यनीगु
प्रौढ बौद्ध परियत्ति प्रथम प्रवेश जाँच
ब्युवनेनु पासा:पिं गुरुमां चमेलीयाथाय्

अकुशल तोता कुशल जुइगु ज्या यायत सोवनेनु
पासा:पिं गुरुमां चमेलीयाथाय्

धर्मया इता: बुला: ज्ञानया मत च्याकेयात
वनेनु पासा पिं गुरुमां चमेलीयाथाय्

न्येदँ प्रव्रजित जीवन हनाय् "भिन्तुना"
ब्युवनेनु पासा:पिं गुरुमां चमेलीयाथाय् ।

साधु ! साधु !! साधु !!!



आफ्नो घरमा आफ्नी बुहारीको साथ चमेली गुरुमा


Downloaded from http://www.dhamma.digital

# उपकारीम्ह चमेली गुरूमां


अनुपमा गुरूमां

पूज्य धम्मवती गुरूमांनं जिमि बा:याके अनुमति कया: जित धर्मकीर्ति विहारे तया बिज्यात उवले चमेली गुरूमां दकले चिधिकम्ह ख: वयां लिपा जि हे जुल । चमेली गुरूमांनं जित: थ:हे केहें भापा स्यने कने याना बिज्याई न्हयागु ज्यायासां न्हयाथाय् वंसां नाप नाप वनेगु ।

जि छें वनेत तकनं याक:चा ज्वी मछा: । वस्पोल गुरूमांया नं यले छें जिनं यल याम्ह जुया छें वंसां नापं वनेगु नापं लिहाँ वयेगु । जित: छपु तुतां थें जुया बिज्याम्ह ख: ।

धर्मकीर्ति विहारे वर्मायाम्ह दो गुणवती गुरूमां दुगुलिं बर्मि भाय् ल्हाइगु चलन । जि छम्ह मस: उकिं जि वर्मि भाय् सयकेगु इच्छा जुया: जि तताथें जुया बिज्याम्ह चमेली गुरूमांयात धया जित: नं वर्मि भाय स्यना बिज्याहुँ धायगु । वस्पोलं नुग: मस्यासे स्यना ब्यूगुलिं बर्माय् वनाबले भाययागु समस्या उस्त मन्त ।

वस्पोल अंग्रेजी भाय् नं थ:त माक्व स: । किजायात चिठ्ठि च्वइगु हे अंग्रेजीं ख: । वस्पोल च्वेयागु तगिं मथ्यंसानं साधारण अंग्रेजी ल्हायस: स्यने स: ।

मचातयेत नं अंग्रेजी शरीरया कविता दयका: न्ह्चाइपुक ब्वंका विज्याई । जित नं धया बिज्याइगु । अनुपमा भी अंग्रेजी भाय ल्हायनु । बानी यायमाल । व भाय् छगू तसकं आवश्यक खंला धया ल्हाना बिज्याइ तर जि धा:सा जवाफ वीहे मछा: । न्हिजक न्हिला च्वनेगु । धा:गु थूसां ल्हायगु वानि मदु ।


चमेली गुरुमां नाप अनुपमा गुरुमां

मङ्गल कामना दु, प्रव्रजित बर्ष ५० वर्ष पूवंका बिज्याम्ह । धन्य ख: छलपोल गुरुमां । प्रवित्रगु बुद्ध शासने च्वना अलसि मचासे दृढ उद्योगी जुया: ग्व: आख: नसें कया ब्वनेगु इच्छा याना वोपिंन्त थ:गु समय बिया: स्यना कना बिज्याइगु जिगु मिखां खना च्वना । चाहे छम्ह जक ज्वीमा आख: मसया: दु:ख जुया वोपिन्त प्रोत्साहन बिया: आख:ब्वंका विज्याइगु । लिपा प्रौढ शिक्षा संचालन जुया: शुक्रवार पतीकं ब्वंकेगुली वस्पोलया त:धंगु ल्हा: दु ।

परियत्ति विद्यार्थी पिन्तनं निरन्तर रुपं स्यना विज्याना च्वंगु दु । परियत्ति कोष बल्लाकेत धाय मामापिन्त धया: कोष धिसि लाकेगुली नं वसपोलया ल्हा:दु । परियत्ति पुरस्कार बीवले नं मचा: मगागु थ:के दुगु रूमाल आदि तया: बांलाक बिया बिज्याइगु ख: । थौं कन्हे वस्पोल बौ.प. शिक्षाया संचालक अध्यक्ष नं ख: । वसपोलं तन मन धन बिया: ग्वहालि याना बिज्याना च्वंगु दु ।


चमेली गुरुमां अमेरिकास्थिति लस एन्जलसय् च्वनाबिज्या:बलेया छगू दृश्य

लिपा थाइलायण्ड वनेगु मौका प्राप्त जुल । तर अन च्वंम्ह गुरूमां नेवाभाय् मस: जि थाइ भायमस: । वस्पोल गुरुमां इङ्गलिस भाय् भचा स: । जिनं भचा स:गुलिं दयांलाना च्वनेम्वा: । थ्व छगू चमेली गुरूमांयागु उपकार दुगुलिं ख: । ■

# भिक्षुणी धम्मदिन्ना (चमेली गुरूमां) या म्हसिका


■ दो तिक्खावती गुरुमां
*म्यानमार नेपाः विहार, रंगुन, म्यानमार*

सन् १९९० पाखे वर्मां नेपाः वयाबले जि धम्मवती गुरूमांया विहार धर्मकीर्ति विहारे च्वनागु खः । उबलेनिसें जिं चमेली गुरूमांयात म्हस्यूगु खः । लिपा वरोवर नेपाले वयाबले थुगु हे विहारे यक्को च्वना । अले चमेली गुरूमांयात यक्को म्हसीके खन ।

वसपोल वर्मा देशे मोलमिनया खेमाराम विहारे च्वना वर्मीभाषं बुद्ध धर्म सम्वन्धि शिक्षा ब्वनाबिज्याःम्ह खः ।

चमेली गुरूमांया रूप जक मखु सःनं अथेहे बाँलाः । वसपोलनाप नेपाःया थायथासय् भोजन वने नं उगु बखते चमेली गुरूमांनं धर्मदेशना याना बिज्याइगु न्यनाः दातापिं यक्को प्रभावित जूगु खना ।

वसपोलया प्रव्रजित जुया बिज्याःगु ५० दं दुगु उपलक्षे वसपोलया आयु आरोग्य कामना यासे थ्व स्वयाः नं अपो धर्मप्रचार ज्याय् तिवः बी फयमा धकाः भिंन्तुना च्वना । ■



*थाइलैण्डय् अनुपमा गुरुमांनाप चमेली गुरुमा*

## श्रद्धेय चमेली गुरूमा यात वन्दना !

नीदँया बैसय् भगवान बुद्धयागु शरणय् बिज्याःम्ह चमेलि गुरूमां प्रव्रज्या जुया बिज्यागु न्येयदँ दुगु लसताय् वसपोलयात वन्दना व भिन्तुना छ्वछाय् ।

छुयें दुने परिवारीक ज्याँखय् जक तक्यना च्वनीपिं मिसातय् लागि हःपाः चमेली गुरूमा ।

तुंथी च्वंपिं ब्याहाँ जुया च्वंपिं मिसापिन्त थकाय् त कुतः याना च्वंम्ह खः गुरूमां ।

ब्याह्रा यायगु सांसारिक जंजाल तायकाः ब्याह्राःयायगु बैसे छुं तोताः वर्माय् आखः ब्वं बिज्यात ।

